नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७५।७६

चलानी नं. ७३२

मिति: २०७६।०२।२४

विषय: आदेश कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु, सबै ।

सर्वोच्च अदालतको च.नं. ७५३०६-२९७४०७, मिति २०७६।२।६ को पत्रबाट रिट निवेदक दिपक विक्रम मिश्र र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको ०७५-WO-११०४ नं. को उत्प्रेषणयुक्त परमादेशसमेत रिट निवेदनमा *"विद्यार्थीहरुको अध्ययन गर्ने अवसर समेतलाई ध्यानमा राख्दा विद्यार्थीहरुलाई पुग्न जाने अपुरणीय क्षति एवम् सुविधा र सन्तुलनको दृष्टिसमेतबाट अतिरिक्त क्रियाकलापको नाममा विविध शुल्क नउठाउनु र जातजाति र लिङ्ग समेतको आधारमा विद्यार्थी भर्ना गर्दा भेदभावजन्य कार्य समेत नगर्नु नगराउनु भनी आवश्यक पत्र सहितको जानकारी सम्बन्धित सरोकारवाला सामुदायिक विद्यालयहरुमा अविलम्ब गरिदिनु"* भनी मिति २०७६।२।५ मा अन्तरिम आदेश जारी गरेको भनी पत्राचार गरेको हुँदा सो सम्बन्धमा आवश्यक कारबाहीका लागि सर्वोच्च अदातलबाट प्राप्त पत्र तथा आदेशको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

केशवराज प्रधान
शाखा अधिकृत

बोधार्थ:

श्री कानून तथा फैसला कार्यान्वयन शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

श्री सूचना तथा प्रविधि शाखा: यस पत्रलाई मन्त्रालयको web site मा upload गरिदिनुहुन अनुरोध छ ।

# सर्वोच्च अदालत

(मुद्दा तथा रिट महाशाखा)

महाशाखाप्रमुख ४२६२

4262398, 4262397, 4262895
website www.supremecourt.gov.n

च.नं.:- ७५३०६-२९७४०७

रिट नं :- ०७५-WO-११०४

मिति:-२०७६|०२|०६

बिषय:- आदेशको जानकारी गराईएको बारे ।

१. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौं।
२. सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौं।
३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
५. माननीय मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
७. सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

उपरोक्त सम्बन्धमा रिट निवेदक अधिवक्ता दिपक विक्रम मिश्र र विपक्षी प्रधान मन्त्री तथा मन्त्रीपरिष कार्यालय समेत भएको ०७५-wo-११०४ नं.को उत्प्रेषणयुक्त परमादेश समेत रिट निवेदनमा मिति २०७६।०२। गते"विद्यार्थीहरुको अध्ययन गर्ने अवसर समेतलाई ध्यानमा राख्दा विद्यार्थीहरुलाई पुग्न जाने अपूरणीय क्षति एवं सु र सन्तुलनको दृष्टिसमेतबाट अतिरिक्त क्रियाकलापको नाममा विविध शुल्क नउठाउनु र जातजाती र लिङ्ग समे आधारमा विद्यार्थी भर्ना गर्दा भेदभावजन्य कार्य समेत नगर्नु नगराउनु" भनी आवश्यक परिपत्र सहितको जान सम्बन्धित सरोकारवाला सामुदायिक विद्यालयहरुमा अविलम्ब गरिदिनु भनी सर्वोच्च अदालत नियमावली २०७४ नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी भएकोले सोको प्रतिलिपी यसैपत्र साथ संलग्न राखी पठाईएको सो आदेशानुसार गर्नु गराउनु हुन समेत अनुरोध छ ।

रिट-६

उ.र. देवेन्द्र ढकाल
शाखा प्रमुख

प्रतिलिपि।

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा
आदेश
०७५-WO-११०४
मुद्दा: उत्प्रेषण ।

अधिवक्ता दिपक विक्रम मिश्र ------------------------------------------------------------ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार काठमाडौंसमेत---------------------- विपक्षी

यसमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री रामप्रसाद भण्डारी "संभव" र श्री रविनारायण खनाल तथा अधिवक्ताहरु श्री दिपक विक्रम मिश्र, श्री मनोहर लामिछाने, श्री शान्तिदेवी खनाल, श्री हरिकृष्ण श्रेष्ठ, श्री सन्तोष भण्डारी र श्री विष्णुभक्त भट्टराई तथा विपक्षीका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री हरिप्रसाद जोशीले गर्नुभएको बहससमेत सुनियो ।

यसमा कुनै न कुनै बहानामा विद्यार्थीहरुबाट अतिरिक्त कृयाकलापहरुको कारण देखाई विविध शुल्क लिने कार्यसमेत भएको भनी निवेदकले निवेदनमा उल्लेख गरी लेखेकोसमेत पाइयो। नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था भएको हुँदा शिक्षाको हकबाट कसैले पनि वन्चित हुनुपर्ने अवस्थाको सृजना नहोस भन्ने उद्देश्यको खातिर सो व्यवस्था भएको देखियो। त्यसै गरी नेपालको संविधान जारी भए पश्चात शिक्षा ऐन, २०२८ मा भएको आठौं संशोधनले दफा १६(घ) थप गरी सामुदायिक माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने व्यवस्था भएको र निःशुल्क शिक्षालाई प्रभावकारी ढङ्गले अगाडि बढाउनु पर्ने दायित्वलाई समेत ध्यानमा राख्दा शिक्षा नियमावली, २०५९ को नियम ८४(३) मा भर्नाको अवधि बढाउन मिल्ने गरी व्यवस्थासमेत भएको पाइयो। विद्यार्थीको अध्ययन गर्ने अवसरसमेतलाई ध्यानमा राख्दा विद्यार्थीलाई पुग्न जाने अपूरणीय क्षति एवम् सुविधा र सन्तुलनको दृष्टिकोणबाट अतिरिक्त कृयाकलापको नाममा विविध शुल्क नउठाउनु र जातजाती र लिङ्गसमेतको आधारमा विद्यार्थी भर्ना गर्दा भेदभावजन्य कार्यसमेत नगर्नू, नगराउनू भनी आवश्यक परिपत्रसहितको जानकारी सम्बन्धित सरोकारवाला सामुदायिक विद्यालयहरुमा अविलम्ब गरिदिनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम यो अन्तरिम आदेश जारी गरिदिएको छ। प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेस गर्नू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०७६ साल जेठ ५ गते रोज १ शुभम् ------------------------------------